नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## कृषिजन्य यन्त्र/उपकरणहरुको सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना नं. २८/२०८२/८३

मिति : २०८२/०९/०६

यस एकाइको चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लक्षित रुपन्देही/नवलपरासी (ब.सु.प.) जिल्लाको जोन/सुपरजोन कार्यक्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रमको लागि माग भएका विभिन्न किसिमका कृषिजन्य यन्त्र/ उपकरणहरुको मूल्य सूची उपलब्ध गराउन यस एकाइमा सूचिकृत भएका र सूचिकृत हुन चाहने कम्पनी/फर्म/आपुर्तिकर्ता/ उत्पादक संस्थाहरुले आ-आफ्नो संस्था सूचिकृत गरी यस कार्यक्रमको Website piurupandehi.pmamp.gov.np बाट कृषिजन्य यन्त्र/उपकरणहरुको मूल्य सूचि प्रस्ताव फारम डाउनलोड गरी तपसिल बमोजिमको आवश्यक कागजात तथा विधि सहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. सिलबन्दी मूल्य सूची प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५औं दिन अर्थात मिति २०८२/०९/२० गते सम्म कार्यालय समय भित्र कार्यक्रम कार्यान्वयन एकाइ, रुपन्देहीमा दर्ता गरी सक्नुपर्नेछ ।
२. सिलबन्दी मूल्य सूची प्रस्तावको साथ फर्मको इजाजत पत्र प्रतिलिपि, मूल्य अभिवृद्धि वा प्यान प्रमाणपत्र प्रतिलिपि, २०८१/८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, गुणस्तर चिन्ह प्रमाणपत्र प्रतिलिपि, रङ्गिन चित्र सहितको मेशिनरी क्याटलग र मेशिनरीको परीक्षण प्रतिवेदन संलग्न राखी पेश गर्नुपर्नेछ ।
३. मूल्य सूची प्रस्ताव पेश गर्ने आपुर्तिकर्ता कम्पनी/फर्म/उत्पादक संस्थाहरुले ईन्जिनद्वारा सञ्चालित कृषिजन्य यन्त्र/ उपकरणहरुको हकमा सम्बन्धित उत्पादक देशको सरकारी मान्यता प्राप्त संस्थाले प्रमाणित गरेको उक्त यन्त्र/उपकरणको परीक्षण प्रतिवेदन अनिवार्य संलग्न राख्नुपर्छ ।
४. कार्यालयले स्वीकृत स्पेशिफिकेशन सहितको मूल्य सूची प्रस्ताव फारम भरेर विधिवत तरिकाले आवश्यक कागजात सहित फारम पेश गर्ने आपुर्तिकर्ता कम्पनी/फर्म/उत्पादक संस्थाहरुलाई मात्र कार्यालयले स्वीकृत गरेपछि सोही स्पेशिफिकेशन अनुसार प्राप्त भएको विभिन्न कृषिजन्य यन्त्र/उपकरणहरुको दरभाउको प्राप्त मूल्य सूची तुलनात्मक अध्ययन विश्लेषण गरी प्राप्त भएको न्यूनतम मूल्यलाई अनुदान प्रवाहको लागि कायम गरिनेछ ।
५. सम्बन्धित स्थानसम्मको ढुवानी सहितको दररेट पेश गर्नुपर्ने छ ।

नोटः माथि उल्लेखित विवरणहरु अपुग हुने गरी पेश भएका सिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन ।

थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०१०८६४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

८२/०९/०६
साहिकराम पौडेल
वरिष्ठ कृषि अधिकृत